आज मिति २०७६ साल फागुन १३ गते मंगलवारको दिन विहान ८:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री धन बहादुर महर | वडा १ का.वा.अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १६. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| १७. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १८. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २०. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २१. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २२. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २३. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |
| २४. | श्री टेक बहादुर वली | रोजगार संयोजक | | आमन्त्रित |
| २५. | श्री बलवीर वि.क. | शिक्षा प्रमुख | | आमन्त्रित |

मिति : २०७६।११।१३ गतेको वैठकका निर्णयहरु

प्रस्तावहरु

१. नलगाड नगरपालिकाको कृषि ऐन २०७६, सम्वन्धमा ।

२. प्रधानमंत्री रोजगार कार्यक्रमको बजेट तथा योजना छनौट सम्वन्धमा ।

३. आधारभुत तहको परिक्षा सञ्चालन तथा बजेट सम्वन्धमा ।

४. सुचिकृत बेरोजगार व्यक्तिहरुलाई काममा लगाउने सम्वन्धमा ।

५. घ वर्गको ईजाजतपत्र वितरण सम्वन्धी कार्यविधि, २०७६ संसोधन सम्वन्धमा ।

६. स्थानीय समन्वय समितिको वैठक सम्वन्धी व्यवस्था ।

७. शसर्त अनुदानबाट निर्माण हुने विद्यालय भवनको डिजाईन तथा नक्सा परिमार्जन सम्वन्धमा ।

८. राष्ट्रिय बाणिज्य वैंकको शाखा थपको लागि अनुरोध सम्वन्धमा ।

९. हेलिप्याड निर्माणको स्थान संसोधन सम्वन्धमा ।

१०. एम्बुलेन्स मागको लागि भारतीय राजदुतावाससंग अनुरोध गर्ने सम्वन्धमा ।

११. नेपाल वैंक लिमिटेडको शाखा थपको लागि अनुरोध सम्वन्धमा ।

१२. ल्याव असिस्टेन्ट टेक्निसियनको रिक्त दरवन्दीमा विज्ञापन गर्ने सम्वन्धमा ।

१३. बजेट विनियोजन गर्ने सम्वन्धमा ।

१४. मूख्यमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्वन्धमा ।

१५. महोत्सवको लागि रकम भुक्तानी सम्वन्धमा ।

१६. फिल्ड बिस्तारको लागि बजेट विनियोजन सम्वन्धमा ।

नगर कार्यपालिकाको निर्णयहरु

**निर्णय नं. १:** नलगाड नगरपालिकाको कृषि सम्वन्धी कार्यलाई व्यवस्थित गर्न नलगाड नगरपालिका कृषि विधेयक, २०७६ बनाउन स्वीकृति प्रदान गरी मस्यौदा तयार गर्न तपशिल बमोजिमको ३ सदस्यीय मस्यौदा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

- श्री केशव शर्मा (वडा अध्यक्ष वडा नं. ५) -संयोजक
- श्री भेषजंग शाह (पशुपंक्षी विकास शाखा प्रमुख) -सदस्य

- श्री बालकृष्ण आचार्य (कृषि प्राविधिक) -सदस्य

समितिले आवश्यकता अनुसार पदाधिकारी तथा कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**निर्णय नं. २**: प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत आर्थिक वर्ष २०७६।७७ मा यस नलगाड नगरपालिकामा तपशिल बमोजिमका योजनाहरु छनौट गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | आयोजनाको नाम | स्थान | बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १. | साल्धारा बफेलगाउँ सडक निर्माण योजना | वडा नं. ७ | ९,००,०००।० | |
| २. | नेपाल राष्ट्रिय मा.वि. भवन निर्माण योजना | वडा नं. १२ | १३,००,०००।० | |
| ३. | जिकुवा देखि हल्चौर सडक निर्माण योजना | वडा नं. ८ | ९,००,०००।० | |
| ४. | खर्पधारा मुहान भई पुरानागाउँ खा.पा. निर्माण | वडा नं. ५ | १५,००,०००।० | |
| ५. | विरा, तिनखोली, नेटालेख, पोर्सली, गर्छिना, कैयाल पदमार्ग निर्माण योजना | वडा नं. ६ | ७,००,०००।० | |
| ६. | भगवती आ.वि. घेरावार र फिल्ड निर्माण योजना | वडा नं. १३ | ९,००,०००।० | |
| ७. | घोराबाध देखि धिजातरा कोठेसल्ला हुदै होर्क पदमार्ग निर्माण योजना | वडा नं. १० | ७,००,०००।० | |
| ८. | सामाग्री खरिद | नगरपालिका | १,६८,०००।० | |
| ९. | कन्टिजेन्सी खर्च | नगरपालिका | ७२,०००।० | |
| | **कुल बजेट जम्मा रु.** | | **७१,३०,०००।०** | |

**निर्णय नं. ३**: यस नलगाड नगरपालिकामा अर्न्तगत १८ वटा विद्यालयहरुको आधारभुत तहको परिक्षा मर्यादित तथा व्यवस्थित रुपमा सञ्चालन गर्न तपशिल बमोजिमको पुँजीगत कार्यक्रमबाट रु. ५,००,०००।० अक्षरुपी पाँचलाख मात्र बजेट विनियोजन गरी बाँकी अपुग रकम चालुगत खर्च शीर्षकबाट खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | साविक कार्यक्रमको नाम | बजेट रु | नयाँ कार्यक्रमको नाम | बजेट रु. |
|---|---|---|---|---|
| १ | विद्यालयहरुमा खेलकुद सामग्री वितरण | ३,००,००० | आधारभुत तह परीक्षा | |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम | | सञ्चालन कार्यक्रम | ५००००० |
| २. | आयोग तयारी कक्षा सञ्चालन कार्यक्रम | २,००,००० | | |
| | **कुल बजेट जम्मा रु.** | **५,००,०००** | **कुल बजेट जम्मा रु.** | **५,००,०००** |

**निर्णय नं. ४:** नलगाड नगरपालिकाबाट आर्थिक वर्ष २०७६।७७ मा आयोजनाहरुको निर्माण गर्दा नलगाड नगरपालिका अर्न्तगत रोजगार सेवा केन्द्रमा सूचिकृत रहेका वेरोजगार व्यक्तिहरुबाट अनिवार्य श्रमिक माग गरि योजनाहरु निर्माण गर्न सम्पूर्ण वडा समिति, निर्माण व्यवसायी, उपभोक्ता समितिलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५:** नलगाड नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ (प्रथम पटक संसोधन) को दफा ४ को उपदफा ४ र ५ संसोधन गर्ने र सोही कार्यविधिको अनुसूची ५ मा संसोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६:** नलगाड नगरपालिका अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ को दफा ६ बमोजिम गठित स्थानीय समन्वय समितिका संयोजक/सदस्यहरुको लागि प्रति वैठक यातायात खर्च वापत प्रति व्यक्ति रु. ४००।० अक्षरुपी चारसयको दरले यातायात खर्च उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** यस नलगाड नगरपालिका अर्न्तगत विद्यालय क्षेत्र विकास कार्यक्रम जिल्ला स्तर बजेट शीर्षक नं. ३५०००८० को विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान शीर्षकमा यस नगरपालिकाबाट समेत बजेट थप गरी विद्यालयहरुको २ कोठे भवन निर्माणमा शिक्षा मन्त्रालय वा सो अर्न्तगतका निकायले तोकेको मापदण्डको नक्सा तथा डिजाईनमा परिमार्जन गरी भवन निर्माण गर्ने साथै पुंजीगत रकमबाट तपशिल बमोजिम थप रकमान्तर गरी भवन निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | साविक योजनाको नाम | सभाबाट विनियोजित रु. | बजेट थप हुने योजनाको नाम | थप रकमान्तर रु. | कुल जम्मा बजेट रु. |
|---|---|---|---|---|---|
| १. | एफ.एम. रेडियो निर्माण योजना नलगाड नगरपालिका जाजरकोट | २०,००,०००।० | १. श्री निर्मलज्योति आ.वि. नलगाड न.पा. ६ जाजरकोट | ४००००००।० | २०००००० |
| | | | २. श्री कैलाशकन्या आ.वि. नलगाड न.पा. ३ जाजरकोट | ४००००००।० | २०००००० |
| | | | ३.श्री ज्ञानोदय प्रा.वि. बाउसे खोला नलगाड न.पा. ४ | ४००००००।० | २०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ४. श्री सरस्वती प्रा.वि. मुली नलगाड न.पा. ५ जाजरकोट | ४००००००।० | २०००००० |
| | | | ५. श्री जनस्वास्थ्य प्रा.वि. बाँस्कोट नलगाड न.पा. ९ जाजरकोट | ४००००००।० | २०००००० |
| २. | ट्रेक्टर खरिद योजना नलगाड नगरपालिका | ७,००,०००।० | ६. श्री लेकबेशी प्रा.वि. मन्मै नलगाड न.पा. ८ जाजरकोट | ३५०००००।० | १९५०००० |
| | | | ६. श्री जनकल्याण आ.वि. नलगाड न.पा. ५ जाजरकोट | ३५०००००।० | १९५०००० |
| | **कुल जम्मा रु.** | **२७,००,०००।०** | **जम्मा रकमान्तर रकम रु.** | **२७००००००।०** | **१३९०००००** |

**निर्णय नं. ८:** वैकिंग कारोवार सम्वन्धी सेवालाई स्थानीय जनताको नजिकमा रहेर सेवा प्रवाह गर्न नलगाड नगरपालिकाको वडा नं. २, ५ र ७ मध्ये कुनै एक स्थानमा रहने गरी शाखा थपको लागि राष्ट्रिय बाणिज्य वैंकसंग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९:** कर्णाली प्रदेश पर्यटन, बन तथा वातावरण मन्त्रालयबाट आर्थिक वर्ष २०७६।७७ मा यस नलगाड नगरपालिका वडा नं. ७ मा हेलिप्याड निर्माण योजनामा बजेट विनियोजन भएकोमा उक्त स्थानमा साविकमा नै हेलिप्याड निर्माण भईसकेकोले उक्त स्थानमा संसोधन गरी नलगाड नगरपालिका वडा नं. १२ तल्लुवगरमा हेलिप्याड निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०:** यस नलगाड नगरपालिकाका स्थानीय जनताहरुलाई स्वास्थ्य सेवाको प्रवाह सहज बनाउन एक थान एम्वुलेन्स मागको लागि भारतिय राजदुतावाससंग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११:** वैकिंग कारोवार सम्वन्धी सेवालाई स्थानीय जनताको नजिकमा रहेर सेवा प्रवाहको लागि नलगाड नगरपालिकाको वडा नं. ७ मा शाखा रहने गरी शाखा थपको लागि नेपाल वैंक लिमिटेडसंग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२:** यस नलगाड नगरपालिका अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा रिक्त रहेको असिस्टेण्ट ल्याव टेक्निसियन पदमा करार सेवामा विज्ञापन गरी मासिक रु. २६,६१०।० अक्षरुपी छव्विस हजार छसय दशमात्र तलव उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १३:** नलगाड नगरपालिका वडा नं. १ पालीमा रहेको श्री सिद्ध साईकुमारी विद्यालयको शौचालय निर्माणको लागि रु. ६५,०००।० अक्षरुपी पैसठ्ठी हजार मात्र रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४:** कर्णाली प्रदेश सरकारको मूख्यमन्त्री रोजगार कार्यक्रमबाट आर्थिक वर्ष २०७६।७७ मा कार्यान्वयन हुने गरी यस नलगाड नगरपालिकाबाट तपशिल बमोजिमको योजना छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| सि.नं. | आयोजनाको नाम | स्थान | अनुमानित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | डोल्पा राजमार्ग देखि ई.प्र.का.दल्ली, प्राथमिक स्वास्थ्य केन्द्र, नलगाड हाईड्रोपावर भवन हुदै नमुनावस्तीको प्रवेशद्धार सम्मको सडक निर्माण योजना | वडा नं. ७ | ८०००००० | |
| | **जम्मा अनुमानित बजेट रु.** | | ८०००००० | |

**निर्णय नं. १५:** भेरी नगरपालिका जाजरकोटमा सञ्चालन भएको जाजरकोट महोत्सवको लागि रु. ५०,०००।० अक्षरुपी पचास हजार रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १६:** नलगाड नगरपालिका वडा नं. ४ को श्री भानुभक्त मा.वि. लहँमा सञ्चालन हुने दोश्रो नगर प्रमुख खेलकुद प्रतियोगिता सञ्चालनको लागि फिल्ड विस्तार गर्नुपर्ने भएकोले **भानुभक्त मा.वि.लहँ फिल्ड विस्तार योजनामा** पुँजीगत खर्चको समपुरक रकमबाट रु. ६,००,०००।० अक्षरुपी छलाख मात्र बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

टेक बहादुर रावल
नगर प्रमुख

वि.प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल